# आगलागी आकस्मिक योजना, २०७७

## Fire Contingency Plan 2021

## जिल्ला विपद् व्यवस्थापन समिति
## जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र
## सप्तरी

**District Emergency Operation Center (DEOC)**

**Saptari**

# बिषय-सूची

१ पृष्ठभूमी ........................................................................................... २-३

१.१. उद्देश्य ...........................................................................................३

२. प्रस्तावना...........................................................................................३

२.१ सप्तरी जिल्लाको आगलागी जोखिम नक्सा...............................................................४

३ जिल्लामा आगलागी घटनाहरु...........................................................................४

४. आगलागीवाट प्रभावित हुन सक्ने क्षेत्रहरु...............................................................५-६

५. पँहुच ................................................................................................६

६. विपद् परिदृश्य तथा योजना अवधारणाहरु....................................................................७

७. समन्वय तथा जिम्मेवारी................................................................................७-८

८. पूर्वतयारी प्राथमिकता...................................................................................८

९. आगलागी घटनाक्रमको इतिहास............................................................................९

१०. सप्तरी जिल्लामा रहेका बारुणयन्त्रहरुको विवरण ..................................................९-१०

११. सप्तरी जिल्लामा परिचालन हुनसक्ने जन शक्ति क्षमता ..............................................९-१०

१२ . सप्तरी जिल्लामा उपलब्ध राहत सामाग्री विवरण ....................................................१०

१३ . निकायगत भूमिका तथा जिम्मेवारी .................................................................११-१३

१४ . प्रतिकार्य विवरण ....................................................................................१४

१५ . बिषयगत क्षेत्रका अगुवा सदस्य विवरण ..............................................................१५

१५. आगलागीवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु .................................................१६-१७

# आगलागी आकस्मिक योजना, २०७७

## १ पृष्ठभूमी

सप्तरी बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेको जिल्ला हो ।यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका घटनाहरु घट्छन्।यसबाट ठूलो जनधनको क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायू परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना,अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शितलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ। यसै गरि सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापी रुपमा हुनसक्ने महामारी बाट प्रभावित छ। सर्पदंश, जनावर आतंक, औद्योगिक दुर्घटना, आगलागी, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट समेत नेपाल प्रभावित हुने गरेको छ ।

सप्तरी जिल्ला समुद्री सतहवाट ६४ देखि ४५७ मिटरको उचाइमा रहेको छ। चैत्र,वैशाख,जेस्ठ र असारको समयमा जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म अत्याधिक गर्मि हुने गर्दछ । सो कारण विहानको समयमा केहि कम रहे पनी अन्य समयमा तापक्रम उच्च हुदैं जान्छ। तापक्रम २५ देखि ४२ डिग्री सेल्सियस सम्म बढी हुदै जादा कतिपय मानिसहरु लु का कारण मृत्युवरण गर्न पुग्दछन। **(Source: Meteorological Forecasting Division)**

गर्मियामको समयमा खास गरी तराईका जिल्लाहरुमा गर्मि तथा आगलागीबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ ।पशुपन्छी, अन्नबालीमा समेत प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि गर्मियामको समय भइसकेको छ।सप्तरी जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र वातावरणमा आउने परिवर्तनबाट आगलागी हुन सक्ने सम्भावना छ ।यसबाट विशेष गरी सीमान्तकृत वर्ग,,पिछडिएको क्षेत्रका बासिन्दा लगाएतलाई प्रभाव पर्न सक्ने देखिन्छ । उक्त वर्ग लाई पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, आगलागी प्रभावित परिवारलाई उपलब्ध गराइनु पर्ने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/१२/२४ मा बसेको बैठकको निर्णयानुसार तयार पारिएको हो ।

सरोकारवाला निकाय, स्थानीय तह, स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगको क्षेत्रमा कार्यरत संघ सस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी निकाय संघ / सस्थाहरु समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने गरी यो योजना तर्जुमा गरिएको छ ।


## १.१. उद्देश्यः

- आगलागी बाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्दै सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु ।
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागि पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति ,स्थानिय विपद् व्यवस्थापन समिति/ पालिका सवै मिलि विपद् प्रतिकार्य सम्बन्धी कार्यहरु सुचारु बनाउने।
- आपतकालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानिय तहमा गठित स्थानिय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।

## २. प्रस्तावना

यस दस्तावेजले जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानिय विपद व्यवस्थापन समिति ,स्थानिय तहले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ।यो एउटा साधारण योजना हो । आगलागीको समयमा प्रयोग गर्न सकिन्छ । आवश्यकता अनुसार थप परिमार्जन र परिस्कृत गर्दै लगिने गरी तयार गरिएको छ ।यस योजनामा प्रतिकार्य योजना पुरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ ।

## २.१ सप्तरी जिल्लाको आगलागी जोखिम नक्सा




## ३ जिल्लामा आगलागीका घटनाहरु

तराईका जिल्लाहरूमा गर्मिको समयमा (चैत्र,वैशाख,जेस्ठ महिना देखि असार /साउनसम्म) तातो हावा लु चल्ने र अत्यधिक गर्मि हुने गर्दछ। गर्मि बाट केटाकेटी र बृद्धबृद्धा, गरीब परिवार, महिला, जेष्ठ नागरिक लगायतका वर्ग अत्यधिक गर्मि सहित आगलागी को उच्च जोखिममा रहेका हुन्छन्। सप्तरी जिल्लामा विगत लामो समय देखि गर्मियाममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय सरकार, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैर-सरकारी सस्थाहरुले वढि प्रभावित वस्तीहरुमा जनचेतना मुलक गतिबिधिहरु गर्दै आएको छ। यस वर्ष पनि ५००० (पाच हजार ) घर परिवार आगलागीबाट प्रभावित हुनसक्ने आकलन गरिएको छ ।

## ४.आगलागीवाट प्रभावित हुन सक्ने क्षेत्रहरु

**सप्तरी जिल्लाको आगलागीबाट प्रभावित हुन सक्ने क्षेत्रहरु :**

हनुमाननगर कंकालिनि नगरपालिका, , डाक्नेश्वरी नगरपालिका, सुरुँगा नगरपालिका, महदेवा गाउपालिका,विष्णुपुर गाउपालिका,सप्तकोशी गाउँपालिका,बोदे बर्साईन गाउँपालिका, राजगढ गाउपालिका, बलानविहुल गाउपालिका, र तिलाठी कोईलाडि गाउपालिकालाइ बढी प्रभावित क्षेत्रमा राखिएको छ । प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती , तथा २०७१/०७२ र २०७४ सालको वाढीवाट प्रभावित भएको तथ्याङ्कको आधारमा आधारित छ । गत आ.ब. र यस आ.ब.को असोज २३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट समेत गरी पटक-पटक स्थानिय तहहरु संग आगलागीबाट प्रभावित हुन सक्ने बिपन्न परिवारको संख्या र विवरण माग गरिएको भएता पनि हाल सम्म पनि सो यथार्थ तथ्यांक प्राप्त हुन नआएकाले टेलिफोनमार्फत बिभिन्न पालिकहरुमा सम्पर्क गर्दा अनुमानित रुपमा जिल्ला भरिमा आगलागीबाट प्रभावित हुनसक्ने अनुमानित विपन्न परिवार संख्या (५,००० घरधुरीका) ५०,००० जना हुन सक्ने प्रारम्भीक कुरा अनुमान गरिएको छ ।

| क्र.स. | स्थानिय तहको नाम | जनसंख्या | | | | आगलागीबाट प्रभावित हुनसक्ने अनुमानित घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| १ | राजविराज नगरपालिका | १३३८४ | ३५०९२ | ३३३०४ | ६८३९६ | २०० | २००० |
| २ | शम्भुनाथ नगरपालिका | ६७६४ | १६७७६ | १८४३७ | ३५२१३ | १०० | १००० |
| ३ | सप्तकोशी नगरपालिका | ४५३९ | १००१८ | १११११३ | २११३१ | १५० | १५०० |
| ४ | कञ्चनरुप नगरपालिका | १०१९२ | २५९५३ | २७३३५ | ५३२८८ | २५० | २५०० |
| ५ | खडक नगरपालिका | ८६१५ | २१३०८ | २४०६० | ४५३६८ | २०० | २००० |
| ६ | डाक्नेश्वरी नगरपालिका | ८१४९ | २०६८७ | २२०६७ | ४२७५४ | ३५० | ३७५० |
| ७ | बोदे बरसाईन नगरपालिका | ८०२२ | २१३१९ | २८०७१ | ४९३९० | १५० | १५०० |
| ८ | सुरुगाँ नगरपालिका | ८६५० | २०७८७ | २२४३५ | ४३२२२ | १५० | १५०० |
| ९ | हनुमाननगर कंकालिनी | ८१५२ | २२७२५ | २२००९ | ४४७३४ | १०५० | १०५०० |

| क्र.स. | स्थानिय तहको नाम | जनसंख्या | | | | आगलागीबाट प्रभावित हुनसक्ने अनुमानित घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| | नगरपालिका | | | | | | |
| १० | विष्णुपुर गाउँपालिका | ४३७० | ११४३८ | ११६०० | २३०३८ | १५० | १५०० |
| ११ | वलान विहुल गाउँपालिका | ३९७६ | १०७९६ | ११०२३ | २१८१९ | २५० | २५०० |
| १२ | रुपनी गाउँपालिका | ५०१२ | १२८२४ | १३५६३ | २६३८७ | ५० | ५०० |
| १३ | महदेवा गाउँपालिका | ५३९५ | १४२१५ | १३३२७ | २७५४२ | २५० | २५०० |
| १४ | राजगढ गाउँपालिका | ५२४२ | १४४८७ | १४९७२ | २९४५९ | ३५० | ३५०० |
| १५ | तिलाठी कोईलाठी गाउँपालिका | ५६९७ | १६१८२ | १४५५१ | ३०७३३ | ४५० | ४५०० |
| १६ | तिरहुत गाउँपालिका | ४०७८ | १०९१३ | ११०९७ | २२०१० | ३५० | ३५०० |
| १७ | छिन्नमस्ता गाउँपालिका | ५४३९ | १३९२० | १३१९१ | २७१११ | ३७५ | ३७५० |
| १८ | अग्नीसाईसडर क्रिष्णसरवन गाउँपालिका | ५४२२ | १३८४६ | १३२८३ | २७१२९ | १७५ | १७५० |
| | जम्मा | **१२१०९८** | **३१३८४६** | **३२५४३८** | **६३९२८४** | **५०००** | **५००००** |

**(Source: Local Level/DEOC )**

## ५. पँहुच

सप्तरी जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउँदा गर्मि तथा आगलागी हुने समयमा हावाहुरी हुने गरेको पाइएको छ ।

- आगलागी को समयमा जिल्लाका सबै जसो स्थानहरुमा तातो हावा तथा हावाहुरीका कारण अत्याधिक गर्मि भई सडक दुर्घटना हुँदा यातायातको साधन प्रयोग गर्दा त्रासको महसुस गर्ने गरिएको ।
- अत्याधिक गर्मिको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था रहने गरेको।
- गर्मिको कारण लक्षण सहितका कोभिड-१९को बिरामीहरुको सख्या बढ्न सक्ने अबस्था आईपर्न सक्ने देखिएको।

## ६. विपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट प्रभावित जिल्लाको सूचीमा सप्तरी पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शितललहर, हावाहुरी ,जनावरको आक्रमण र सडक दुर्घटना, सर्पदंश जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ मा प्रकोपलाई स्तरीकरण गर्दा दोस्रो स्थानमा देखिएको छ ।यसर्थ आगलागी तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ।त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजना मध्ये आपतकालीन समयमा मानव जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीले आगलागी संम्बन्धी आपतकालीन योजना (**Fire Contingency Plan)** तयार गरी यसलाई महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरेको छ ।विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न सप्तरी जिल्लामा उपलव्ध साधन/स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु आवश्यक छ ।

## ७. समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत निकाय सवैले कार्ययोजना तयार पारि आगलागीको पूर्वतयारी तथा प्रतिकार्यको काममा तयार रहने।
- आगलागी प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला, गरिबीको चपेटामा परेका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार एवं मानवीय सहयोग उपलब्ध गराई मानव जीवन रक्षा गर्नै ।
- आगलागीको प्रभावबाट सुरक्षित राख्ने उपायहरुको सम्वन्धमा स्थानिय स्तरमा विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेत जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापमा सक्रिय रहने ।

- कोभिड-१९को सक्रमणबाट गर्मियाममा झनै बढ्ने विज्ञहरुको राय अनुसार सो को प्रभावकारी नियन्त्रण गर्न जोखिम न्यूनीकरणका लागि योजना तर्जुमा लगायतका आवश्यक व्यवस्था मिलाउने।

- विपद्को समयमा संघीय सरकार, प्रदेश सरकार,  स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक  समाजविच समन्वय कायम गर्ने।
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु ।
- आगलागीबाट प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई आवश्यक सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्ने व्यवस्था मिलाउने ।
- गर्मियाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनीकरण गर्न स्वास्थ्य कार्यालय र सम्वन्धित पालिकाहरुले जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।
- आगलागीको जोखिम न्यूनीकरणका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम, स्थानिय तह, स्वास्थ कार्यालय र  गैरसरकारी संघ/संस्था तथा निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ८. पूर्वतयारी प्राथमिकताः

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन  समितिहरुमा आगलागी पूर्वतयारी कार्यशाला संचालन गर्ने/गर्न लगाउने।
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने/गराउने ।
- स्थानीय तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने ।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने/गराउने।
- जिल्लामा थप ५००० राहत  सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने ।
- सवै स्थानीय तह तथा सरोकारवाला निकाय संग समन्वय गरि आवश्यक पर्ने सामग्री पहिले नै जोहो गरी राख्ने/राख्न लगाउने ।
- स्थानिय एफ.एम हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने/गराउने ।
- जल तथा मौसम विज्ञान विभागले जारि गर्ने ३ दिने बुलेटिन बमोजिमको जानकारी सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाई सोहि अनुरुपको पूर्वतयारी गर्न परिचालित गर्ने/गराउने।

## ९. आगलागी घटनाक्रमको इतिहास

क) सप्तरी जिल्लामा बिगत ९ बर्षमा भएका आगलागीका घटना विवरण

| क्र. स. | बर्ष | आगलागी घटना संख्या | घाईते | मृत्यु | प्रभावित परिवार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०६८ | ३२ | - | - | १२७ | |
| २ | २०६९ | ३७ | २ | १ | ३६६ | |
| ३ | २०७० | ५२ | ७ | २ | १४२ | |
| ४ | २०७१ | ४९ | ४ | - | १४ | |
| ५ | २०७२ | ३३ | - | १ | ४६ | |
| ६ | २०७३ | ६८ | ७ | २ | १४४ | |
| ७ | २०७४ | ७८ | १२ | - | १२१ | |
| ८ | २०७५ | १५३ | १२ | १ | २३१ | |
| ९ | २०७६ | १३७ | १२ | १ | २०४ | |
| जम्मा | | ६३९ | ५६ | ८ | १३९५ | |

**(Source:DEOC Saptari)**

### स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरु तथा विपद संयोजकहरुको सम्पर्क सूची

| क्र.सं. | स्थानीय तहको नाम | प्रमुख/अध्यक्षको नाम | सम्पर्क नं. | प्रप्रशासकीय. अधिकृतको नाम | सम्पर्क नं. | विपद संयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १ | राजविराज नगरपालिका | शम्भु प्रसाद यादव | ९८५२८२१०४४ | मदन कुमार थापा | ९८५२८४२१११ | हरिवंश यादव | 9816713278 |
| २ | कञ्चनरुप नगरपालिका | वसन्त कुमार | ९८६२८१४८६१ | नबराज खड्का | ९८५२८४४१११ | डम्वर प्रसाद गुप्ता | ९८५११२२३०० |
| ३ | डाक्नेश्वरी नगरपालिका | शिव नारायण साह | ९८५२८२१५५६ | बसन्त कुमार दास | 9852822665 | शिव शंकर ठाकुर | 9804703142 |
| ४ | बोदेबरसाईन नगरपालिका | आतेश कुमार सिंह यादव | ९८१९९१२६०० | गजेन्द्र नाथ शर्मा | ९८५२८२२००३ | वैजनाथ साह | ९८०४८१४५६० |
| ५ | खडक नगरपालिका | हेमायु हक | ९८११७६७७३० | महेन्द्र नारायण चौधरी | 9852854054 | बिरेन्द्र कुमार दास | ९८५८२०९१७ |
| ६ | शम्भुनाथ नगरपालिका | योगेन्द्र प्रसाद चौधरी | ९८०३४८५४५८ | विष्णु गुरुङ | ९८५२८४३१११ | रामनारायण देव | 9827729551 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सुरुङ्गा नगरपालिका | मुक्तिनाथ चौधरी | 9852821422 | सुरेश दाहाल | 9852821980 | आनन्द प्रसाद चौधरी | ९८०४७५४९९९ |
| ८ | हनुमाननगर कङ्कालिनी न.पा. | शैलेश कुमार शाह | ९८०१०८९१२३ | सुरेन्द्र कुमार यादव | ९८५२८४६१११ | रामदेव यादव | ९८६२८१०८७२ |
| ९ | सप्तकोशी नगरपालिका | उत्तम कुमार शर्मा | 9842831692 | ललन कुमार कर्ण | 9852845111 | नागेश्वर महतो | 9816793279 |
| १० | अग्निसाइर कृष्णासरवन गा.पा. | पर्शुराम चौधरी | 9804760844 | धिरेन्द्र कुमार यादव | 9825717554 | जगेशवोर पर्साद खड्गा | ९८४२८८९८४३ |
| ११ | छिन्नमस्ता गाउँपालिका | सूर्यनारायण मण्डल | ९८१९९५९६१४ | खेमराज थापा | 9852821567 | मदनेश्वर चौधरी | 9804747061 |
| १२ | महादेवा गाउँपालिका | दिपक कुमार यादव | ९८४२८५२५९६ | रामलखन यादव | ९८१४७४७५१४<br>९८४२३९२९५८ | वृहस्पति राम | ९८२४७२०७४१ |
| १३ | तिरहुत गाउँपालिका | हेमन्त कुमार बहडखेर | ९८५२८२१०७६ | निरज कुमार देव | ९८५२०२९७६२ | राजेन्द्र प्रसाद सुनरैत | ९८१७७११९४३ |
| १४ | तिलाठी कोईलाडी गा.पा. | सतिश कुमार सिंह | ९८५२८२१८४५ | राजु कुमार झा | ९८०४७३३२७० | शैलेश कुमार मिश्र | ९८४२८२००६७ |
| १५ | रुपनी गा.पा. | हरेराम यादव | ९८५२८२१०३४ | रेनुका कुमारी साह | ९८५२८२२१२३ | योगेन्द्र महासेठ | ९८५२८६०८८८ |
| १६ | राजगढ गाउँपालिका | परमानन्द यादव | ९८२४७३७३९२ | रमेश प्रसाद यादव | 9852823211 | रामचन्द्र यादव | ९८०४७०८२५१ |
| १७ | बिष्णुपुर गाउँपालिका | लिलाम्बर यादव | ९८२४७६७८३० | ललन कुमार यादव | ९८५२८२२५०० | ध्रुव नारायण देव | ९८०४००५६४९ |
| १८ | बलानबिहुल- गाउँपालिका | दयानन्द गोइत | 9852821528 | राम सुन्दर थापा | 9852660606 | मो नसिम राईन | ९८१७७७१४०८ |

## १० . जिल्लामा उपलब्ध बारुणयन्त्रहरुको विवरण

| क्र.स. | स्थानिय तह | उपलब्ध स्थान | सम्पर्क ब्याक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | राजविराज नगरपालिका | राजविराज बजार | उमेश प्रशाद यादव | ९८०४७१३३६७ |
| २ | हनुमाननगर क.कालिनी नगरपालिका | हनुमाननगर बजार | देव नारायण यादव | ९८०८२९८०५४ |
| ३ | शम्भुनाथ नगरपालिका | शम्भुनाथ नगरपालिका | प्रकाश वि. क. | ९८०५९६१०३८ |
| ४ | कञ्चनरुप नगरपालिका | कञ्चनरुप नगरपालिका | किसुन राम | ९८०४७७६४४२ |

## ११. सप्तरी जिल्लामा परिचालन हुनसक्ने जन शक्ति क्षमता

| क्र.स. | निकाय | स्वय सेवक/राष्ट्र सेबक | कैफियत |
|---|---|---|---|
| १ | नेपाली सेना | १५० | |
| २ | नेपाल प्रहरी | २५० | |
| ३ | सशस्त्र प्रहरी बल | २५० | |
| ४ | राजविराज नगरपालिका | १०० | |

| | | | |
|---|---|---|---|
| ५ | शम्भुनाथ नगरपालिका | १०० | |
| ६ | सप्तकोशी नगरपालिका | १०० | |
| ७ | कञ्चनरुप नगरपालिका | १०० | |
| ८ | खडक नगरपालिका | १०० | |
| ९ | डाक्नेश्वरी नगरपालिका | १०० | |
| १० | बोदे बरसाईन नगरपालिका | १०० | |
| ११ | सुरुगाँ नगरपालिका | १०० | |
| १२ | हनुमाननगर क.कालिनी नगरपालिका | १०० | |
| १३ | विष्णुपुर गाउँपालिका | १०० | |
| १४ | वलान विहुल गाउँपालिका | १०० | |
| १५ | रुपनी गाउँपालिका | १०० | |
| १६ | माहदेवा गाउँपालिका | १०० | |
| १७ | राजगढ गाउँपालिका | १०० | |
| १८ | तिलाठी कोईलाठी गाउँपालिका | १०० | |
| १९ | तिरहुत गाउँपालिका | १०० | |
| २० | छिन्नमस्ता गाउँपालिका | १०० | |
| २१ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | १०० | |
| २२ | रेडक्रस तथा अन्य गैर सराकारी संघ सस्थाहरु | २०० | |

**(Source: Local Level/DEOC )**

**सुरक्षा निकायहरु तथा नेपाल रेडक्रस सोसाइटीसँग भएका खोज तथा उद्धारका सामाग्रीहरु (Search and Rescue Materials):**

| सि.नं. | उद्धार सामाग्रीको नाम | परिमाण | नेपाली सेना | नेपाल प्रहरी | सशत्र प्रहरी वल नेपाल | नेपाल रेडक्रस सोसाईटि |
|---|---|---|---|---|---|---|
| १ | लाइफ ज्याकेट | थान | ५३ | ११० | १०८ | २० |
| २ | स्टेचर | वटा | ७ | ४ | ८ | ८ |
| ३ | बाल्टिन | थान | ११ | ४३ | ३० | ५० |
| ४ | बेल्चा | थान | १० | ३३ | | १० |
| ५ | ट्युब | थान | १५ | ३४ | २३ | २० |
| ६ | डोरी | मिटर | ५०० | ९०० | ४४५ | ५०० |
| ७ | गैती | थान | ६ | ३० | | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | आरा | थान | ४ | १५ | १ | ५ |
| ९ | फायर सुट | थान | ४ | १५ | | ११ |
| १० | फायर ज्याकेट | थान | ४ | २ | | ११ |
| ११ | Chainsaw/woodcutter | थान | १ | २ | | |
| १२ | हेल्मेट | थान | २२ | | ६६ | २५ |
| १३ | गमबुट | जोर | १५ | | ३६७ | १० |
| १४ | तिरपाल | थान | ४ | | ५ | २०० |
| १५ | साबेल | थान | १० | | ८१ | १० |
| १६ | फरुवा | थान | २ | | १७ | ५ |
| १७ | बन्चरो | थान | ४ | | ४ | २ |
| १८ | पिग | थान | ४ | | ६ | ४ |
| १९ | गल | थान | ९ | | ६ | २ |
| २० | रेस्क्यु ज्याकेट | थान | ६ | | १२ | १५ |
| २१ | फायर स्टीङ्ग गुईसर | थान | ४ | | १ | १० |
| २२ | खुकुरी | थान | १० | | २ | २ |
| २३ | टचलाईट | थान | ८ | | ६ | २ |
| २४ | वायर कटर | थान | २ | | १ | |
| २५ | हेम्बर | थान | १ | | २ | ६ |
| २६ | कोटेट यर बलक | थान | २ | | ६ | |
| २७ | सलाई रिन्च | थान | ३ | | २ | |
| २८ | सेफ्टी पंन्जा | जोर | २ | | ४ | १० |
| २९ | मेजरीङ्ग टेप | वटा | २ | | २ | |
| ३० | थ्रो ब्याग | वटा | ६ | | ६ | |
| ३१ | रुख काटने मेसिन | थान | १ | | १ | |
| ३२ | रेस्क्यु बोट **Robber Boat** | वटा | १ | | ३ | १ |
| ३३ | फस्ट एड बक्स | वटा | २ | | ४ | १० |
| ३४ | लिभर /टुचन | वटा | १ | | २ | |
| ३५ | पकेट नाईफ | वटा | १२ | | १ | |
| ३६ | रोप क्यारबिना सहित | वटा | २० | | ८ | |
| ३७ | हेन्ड पम्प | वटा | १ | | १८ | १ |
| ३८ | डुङ्गा खिवाउने | वटा | १७ | | | ६ |
| ३९ | क्लामिङ्ग रोप | मिटर | १६ | | | ५०० |
| ४० | मेघाफोन | वटा | १ | | | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | हारनेस वेल्ट | बटा | ५ | | | |
| ४२ | म्याटेस | बटा | ७ | | | ५ |
| ४३ | स्कोर बार | बटा | १४ | | | ६ |

## १२ . जिल्लामा उपलब्ध राहत सामाग्री विवरण

| क.स. | निकाय | कम्मल | त्रिपाल | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानिय तहहरू | ० | ० | आगलागीको समयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको |
| २ | नेपाल रेडक्रस सोसाइटी सप्तरी | २०० | २०० | आगलागीको समयमा आवश्यकता अनुसार थप व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको |
| ३ | कोशी पिडित समाज | ० | ० | सप्तकोशी नगरपालिकाको बिभिन्न किसिमका बिपद्को लागि रु. ८,००,०००।— छुट्टाईएको |
| ४ | अन्य गैर सराकारी संघ सस्थाहरु | ० | ० | आगलागीको समयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको |

## १३. निकायगत भूमिका तथा जिम्मेवारी :

| क.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोगका लागि समन्वय गर्ने<br>(मानवीय, आर्थिक, भौतिक सामग्रीका लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>स्रोतः आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने |

| | | | |
|---|---|---|---|
| ३ | स्थानिय तहहरु | प्रमुख/ अध्यक्ष | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय)<br>• तथ्यांक संकलन तथा ब्यवस्थापन<br>• स्थानिय तह अन्तर्गतका स्वास्थ सस्थालाई सक्रिय एवं तयारी हालतमा राख्ने<br>स्रोत : आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | • सुरक्षा व्यवस्था गर्ने<br>• विषयगत समितीमा रहि सहयोग गर्ने<br>• राहत वितरणमा सहजीकरण गर्ने<br>• आपतकालीन उद्दार कार्यमा द्रुतता साथ परिचालन हुने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | • समन्वय<br>• स्रोत संकलनमा सहयोग<br>• कार्यकर्ता एवं जनपरिचालन गर्ने<br>• आपसी सदभाव र सहयोग कायम गराउने |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | विनायक पौडेल | • सूचना संकलन, समन्वय, संप्रेषण<br>• तथ्यांक ब्यवस्थापन<br>• राहत वितरणको समन्वय गर्ने<br>• आवश्यकता र उपलब्धताको GAP पहिचान गरी जानकारी गराउने |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय<br>कोशि पिडित समाज | प्रमुख : देव नारायण यादव | • स्रोतको खोजी गर्ने<br>• राहत वितरणको समन्वय गर्ने |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति : जोगेन्द्र भगत | • राहत, खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन<br>• आपतकालीन आवास तथा बन्दोबस्ती |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापनमा सहयोग गर्ने |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | • विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>• सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने<br>• राहत वितरणको सहजीकरण गर्ने<br>• सामग्री जुटाउने ,समन्वय गर्ने |
| १० | उद्योग वाणिज्य संघ | अध्यक्ष | • त्रिपाल तथा कम्मल जस्ता  सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने<br>• आवश्यक सहयोग गर्ने |
| ११ | यातायात व्यवसायी तथा प्रा.लि.हरु | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र आवश्यकता अनुसार जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | • सूचना संकलन तथा सम्प्रेषण<br>• सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गरी जनचेतना अभिवृद्दि गर्ने |
| १३ | नागरिक समाज | संयोजक | • राहत कार्यमा सहयोग तथा समन्वय<br>• मानव अधिकारको संरक्षण तथा समाधानमा सहयोग पुर्याउने |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | • राहत संकलन, वितरण र उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने |
| १५ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानव स्रोत परिचालन गर्ने<br>• स्रोत साधन संकलनमा सहयोग गर्ने<br>• गै.स.स .वीच समन्वय<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने<br>• जनचेतना जगाउने |
| १६ | गजेन्द्रनारायण सिंह अस्पताल | प्रमुख | • गर्मियाममा हुने रोगब्याधि उपचारका लागि प्रयाप्त तयारी अबस्थामा रहने<br>• लक्षण सहितका कोभिड १९ सङ्क्रमितको जाच/ परिक्षण र उपचारको लागि उपलब्ध श्रोत |

| | | | |
|---|---|---|---|
| | | | साधन भित्र अधिकतम व्यवस्था मिलाई तयारी अबस्थामा रहने<br>• आवश्यक समन्वय गरी श्रोत साधन जुटाउने/परिचालन गर्ने |
| १७ | स्वास्थ कार्यालय | प्रमुख | • कोभिड १९ समेतलाई मध्येनजर राखी बिषयगत क्षेत्रको अगुवा भूमिका निर्बाह गर्ने<br>• जिल्ला स्थित स्वास्थ सस्थाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउदै सक्रिय राख्ने<br>• श्रोत साधन जुटाउने, समन्वय एवं परिचालन गर्ने |

## १४. प्रतिकार्य सम्बन्धी क्रियाकलापको विवरण :

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | त्रिपाल कम्मल , भाडा अस्थाई आवासका लागि काठ संकलन तथा व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु ,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु ,के.भि.यस., SCDC,सबल नेपाल, सेव द् सप्तरी,उद्योग वाणिज्य संघ लगायतका अन्य सहयोगी सस्थाहरु मार्फत त्रिपाल कम्मल तथा भाडा, अस्थाई आवासका लागि काठ संकलन तथा व्यवस्थापन ,लगायतका बस्त्र संकलन/ वितरण | आवश्यकतानुसार जिल्लाको विभिन्न स्थानहरुमा |

| | | | |
|---|---|---|---|
| २ | राहत वितरण | स्थानीय विपद व्यवस्थापन समिति, सम्बन्धित पालिकाहरु, जिल्ला प्रशासन कार्यालय, सुरक्षाकर्मी ,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा उपशाखाहरु,र उद्योग वाणिज्य संघ साथै अन्य सहयोगी सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ३ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समिति हरु | जिल्ला भरी |
| ४ | स्वास्थ्य शिविर | गजेन्द्रनारायण सिंह अस्पताल, स्वास्थ कार्यालय, सम्बन्धित पालिकाहरु अन्तर्गतका स्वास्थ्य इकाइ र स्वास्थ सेवा प्रदायक संघ सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ५ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु तथा सम्बन्धित पालिकाहरु | जिल्ला भर |
| ६ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र तथा सम्बन्धित पालिकाहरु | जिल्ला भर |

## १५. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरण :

| बिषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन मोबाईल मेल | सहयोगी संघ सस्था |
|---|---|---|---|---|
| **१.खोज, तथा उद्धार र समन्वय** | जिल्ला प्रशासन कार्यालय | प्रजिअ शंकरहरि आचार्य<br>विपद् फोकल पर्सन : आनन्द कुमार ठाकुर | ०३१-५२३७६२<br>९८५२८५७७७७<br>Sankarhariachrya@gmail.com | नेपाली सेना,नेपाल प्रहरी सशस्त्र ,प्रहरी वल , गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, रेडक्रस |

| | | | | |
|---|---|---|---|---|
| | | | | सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |
| २ .खाद्य तथा कृषि | कृषि ज्ञान केन्द्र स्थानीय तह भेटनरी अस्पतालतथा पशु सेवा विज्ञ केन्द्र | राजेन्द्र प्रसाद यादव डाः प्रभात झा | ०३१-५२००५०, ९८५२८२०७६५ ९८५२८२२१४२ | जिल्ला समन्वय समिति, पशु अस्पताल,गाउँपालिका/नगरपालिका, उद्योग वाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, ग्लोबल सहकारी संस्था, सवल नेपाल MCDC , कोशी पिडित समाज, नेपाल रेडक्रस सोसाईटी |
| ३.आपतकालीन आवास तथा गैर खाद्य | स.श.बि.भ.नि. आयोजना .र श.बि.भ.नि.डि.का. नेपाल रेडक्रस सोसाइटी | डिई : कृष्ण देब झा सभापति : जोगेन्द्र भगत | ९८५२८२७५२५ Udbosaptari@gmail.com 9852821121 | जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, जिल्ला प्राविधिक कार्यालय, नेपाल रेडक्रस सोसाईटी,कोशी पिडित समाज Save the Saptari गाउँपालिका:नगरपालिका, सवल नेपाल सप्तरी |
| ४.आपतकालीन संरक्षण | जिल्ला प्रशासन कार्यालय | प्रजिअ शंकरहरि आचार्य विपद् फोकल र्पसन : आनन्द कुमार ठाकुर | ०३१-५२३७६२ ९८५२८५७७७७ Sankarhariachrya@gmail.com | स्थानीयतहमा कार्यरत महिला बालबालिका तथा सामाजिक बिकास शाखा |
| ५ .आपतकालीन शिक्षा | शिक्षा बिकास समन्वय ईकाई स्थानिय तहका शिक्षा शाखा | प्रमुख : फणिन्द्र खत्री | ०३१-५२००९८ ९८५२८२०५०२ deosaptary@gmail.com | युनिसेफ, नेपाल रेडक्रस सोसाईटी, कोशी पिडित समाज, शिक्षक संघ,,सेभ द सप्तरी, NGO Federation, PABSON, N-PABSON |
| ६.खानेपानी स्वच्छता तथा सरसफाइ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ खानेपानी सस्थांन | नि.का.प्र. : अजय कर्ण डिईः राम कुमार श्रेष्ठ | ०३१-५२१२५४ ९८४२०२५४८७ ०३१-५२१२५४ nwscrajabirajsakha@gmail.com | खानेपानी तथा सरसफाई सस्थान, जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल, Save the Saptari SCDC, गाउँपालिका/नगरपालिका नेपाल रेडक्रस सोसाईटी |
| ७ .आपतकालीन स्वास्थ्य | स्वास्थ्य कार्यालय गजेन्द्रनारायण सिंह अस्पताल | कार्यालय प्रमुख : दुनियालाल यादव नि.का.प्र. रञ्जित कुमार झा | ०३१-५२१६०६ Dpho.saptari@yahoo.com ९८५२८२१६०६ ९८५२८२११५५ | खानेपानी तथा सरसफाई डिभिजन, जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल, Save the Saptar, SCDC, गाउँपालिका/नगरपालिका नेपाल रेडक्रस सोसाईटी |
| ८.पुनःनिर्माण पुनःस्थापना | जिल्ला संमन्वय समिति, स्थानीय | जिल्ला समन्वय समिति | ०३१ -५२०२१० | स.श.बि.भ.नि.आयोजना .र श.बि.भ.नि.डि.का,. जिल्ला प्राविधिक |

| | | | | |
|---|---|---|---|---|
| | तह सबै | सूचना अधिकारी गंगाराम साह | ९८४२८२०४७४ | कार्यालय, नेपाल रेडक्रस सोसाईटी,कोशी पिडित समाज Save the Saptari गाउँपालिका/नगरपालिका, सवल नेपाल |
| **९.आपतकालीन संचार** | जिल्ला प्रशासन कार्यालय/ जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र | प्रजिअ शंकरहरि आचार्य विपद् फोकल र्पसन : आनन्द कुमार ठाकुर विनायक पौडेल | ०३१-५२३७६२ ९८५२८५७७७७ Sankarhariachrya@gmail.com ९८४१०२८१६९ | सुरक्षा निकायहरु गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, टीभि. रेडक्रस सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |

## १६. आगलागीको जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु :

**क) सम्बन्धित पालिका र जिल्ला विपद ब्यबस्थापन समितिले FM मार्फत प्रशारण गर्ने :**

- हावाहुरी चलेको समयमा आगो बाल्ने नगरौ ।
- गर्मिको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्यासमात्रामा खाने झोलिलो खानेकुराहरु खाने गरौ ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउऔ।
- अत्याधिक गर्मिको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि व्यवस्था मिलाऔ ।
- गर्मि मौसममा कोभिड-१९को सक्रमण बढी हुने हुदा स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाउने गरौ।
- गर्मिका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने व्यवस्था मिलाऔ ।
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटर जस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिन्डर समय–समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय–समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउन अघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने लिक भएको शंकास्पद सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरणहरू सही अवस्थामा छ÷छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।

- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर तथा अन्य धेरै उपकरण जोडेर एकैचोटि प्रयोग नगर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरू सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरू बन्द गरेरमात्र जानुहोस् । यसले तपाईंलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निश्चयौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस्
- घरमा प्रज्ज्वलनशील पदार्थहरू राख्न परे यसलाई छुट्टै, उपयुक्त भाँडोमा राम्रोसँग बिर्को बन्द गरेरमात्र राख्नुहोस्, जहाँ आगोको स्रोत सहजै पुग्न नसकोस् ।
- केटाकेटीले जोखिम आँकलन गर्न सक्दैनन् उनीहरू खेल्ने क्रममा ठूला मानिसको नक्कल गरेर आगोको प्रयोग गर्न सक्दछन् केटाकेटीलाई मात्र घरमा एक्लै नछाड्नुहोस् ।
- घर तथा घर वरपर सरसफाइ कायम राख्नुहोस्
- घर, गोठ खाली छाडेर नजानुहोस्, आफू केही समयका लागि जानुपर्दा छिमेक वा आफन्तलाई हेरचाह गर्न आग्रह गर्नुहोस् ।
- कोठाभित्र चुरोट नखानुहोस् तथा जथाभावी चुरोटका ठूटा नफ्याँक्नुहोस् ।
- अनेपक्षित आगलागीका पूर्व तयारी
- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा वारुण यन्त्र दमकलको नम्बर सेभ गरेर राख्नुहोस् ।
- घरमा रहेका पानीका टयाङ्की पूर्ण रूपमा रित्तो हुञ्जेल प्रयोग नगर्नुहोस्, आकस्मिक अवस्थाको लागि केही मात्रामा पानी जोहो गरेर राख्नुहोस् ।
- घरमा फायर ब्ल्याङ्केट ,भान्छामा, फायर एक्स्टिनगुसर राख्नुहोस् ।
- कोठामा सिठी, टर्चलाइट सदैव तैयारी अवस्थामा राख्नुहोस् ।
- कोठामा खन्ती, झम्पल, मार्तलजस्ता सामग्री सुरक्षित साथ राख्नुहोस्, जसले आकस्मिक अवस्थामा झ्याल, ढोका फोडेर बाहिर निस्किन सकियोस् ।
- आफू बसेको घर वा कार्यालयमा आकस्मिक अवस्थामा कसरी सुरक्षित साथ बाहिरिन सकिन्छ त्यसको पहिचान तथा आँकलन गर्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।
- आगलागी भइहालेमा के गर्ने
- तपाईंले कुनै आगलागीको घटना देख्नु भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् । विद्युतीय वा अन्य आगो

- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो तपाईंको नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरूलाई प्रवेश गर्न नदिनुहोस्
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस्।
- आगलागी भएको स्थानदेखि नजिकै रहेको मुख्य चौकमा केही सहयोगीलाई वारुण यन्त्रलाई बाटो देखाउनका लागि पठाउनुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राखिदिनुहोस् ।
- व्यक्तिगत घर तथा कार्यलयहरूमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन–धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।
- 

**ख) सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिचालन गर्ने ।**

**ग ) आगलागीको प्रभाव न्यून गर्न स्थानीय तह,, स्थानीय विपद् व्यवस्थाप समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सहयोगी सस्थाको समन्वयको व्यवस्था मिलाउने ।**